# स्थानीय राजपत्र

## हुप्सेकोट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः१        संख्याः ६        मितिः २०७५/०६/२५

### भाग-२

### हुप्सेकोट गाउँपालिका

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँकार्यपालिकाले बनाएको मातृशिशु पोषण कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

१. पृष्ठभूमि

मातृशिशुको मृत्युलाई कमगर्न नेपाल सरकारले आमा सुरक्षा कार्यक्रमलाई प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा सञ्चालन गर्दै आएको छ । यस कार्यक्रम अन्तर्गत आमा सुरक्षा कार्यक्रम लागु भएका स्वास्थ्य संस्थाहरुमा २४ सै घण्टा प्रसूति सेवाको साथै संस्थागत सुत्केरी गराउने हरेक महिलालाई यातायात खर्चस्वरुप रु. १,०००/- (एक हजार रुपैयाँ) र उत्प्रेरणा खर्चस्वरुप रु.८००/-(आठ सय रुपैयाँ) पनि प्रदान गरिदै आएको छ भने हुप्सेकोट गाउँपालिकाले पनि मातृशिशु पोषण स्याहार खर्च बापत रु.५,०००/- (पाँच हजार रुपैयाँ) दिदै आएकोछ ।



कुनैपनि देशको सामाजिक आर्थिक अवस्था त्यहाँका महिला एवं बालबालिकाको स्वास्थ्य अवस्थाले प्रतिबिम्वित गर्दछ । एउटी आमाको मृत्युले उनको बच्चाको शारिरिक तथा मानसिक बिकासमा प्रतिकुल असर पर्नुका साथै त्यो परिवारको सुख सन्तुष्टिमा समेत गहिरो असर पर्दछ । पोषण मानिसको आधारभुत आवश्यकता हो । पोषणले मानिसलाई स्वस्थ रहन र रोग प्रतिरोधात्मक क्षमता विकास गर्न मद्धत गर्दछ । हरेक उमेर समूहका स्वस्थ र रोगी दुवैखाले मानिसहरुलाई राम्रो पोषण जीवनभर आवश्यक परिरहन्छ । अत:विषेश गरी सुत्केरी महिला, स्तनपान गराइरहेकी आमा तथा बालबालिकाहरुमा भने विषेश पोषण र हेरचाहको आवश्यकता पर्दछ । कुल जनसंख्याको करिब आधा हिस्सा ओगटेको भएपनि नेपालका महिलाहरुलाई चाहिने अत्यावश्यक पोषणको आवश्यकता अझै पुरा गर्न सकिएको छैन । गर्भवती महिलाहरुमध्ये आधा तथा लगभग पाँच भागको दुई भाग किशोरी एवं सुत्केरी महिलाहरुमा रक्तअल्पता छ त्यसैले अहिले सरकाले किशोरीहरु लाई Iron/folic चक्कि बिद्यालय तथा महिला स्वास्थ्य स्वंय सेविका मार्फत खुवाई रहेको छ । बाह्र प्रतिशत महिलाहरु आफनो उमेरको अनुपातमा होचा छन् जुन गर्भावस्था देखि शुरु भई उनीहरुको जीवनभर निरन्तर रहने सुक्ष्म तथा बृहत दुवै प्रकारका पोषण अभावलाई दर्शाउँछ । सुत्केरी आमालाई स्थानीय स्तरमा उपलब्ध हुने विभिन्न प्रकारका पोषिलो खानेकुराहरु खानदिने (हरेक बार खाना चार), सुत्केरी अवस्थामा साविक भन्दा थप २ पटक खाना खान दिनु पर्ने तथा पशुपंक्षीजन्य श्रोतबाट आएका खाने कुराहरु खानुपर्ने भए पनि अधिकांश विपन्न परिवारका महिलाहरुले उनीहरुलाई आवश्यक पर्ने पोषिलो खाना खान पाएका छैनन् । तसर्थ सुत्केरी पश्चात् आमाहरुको मृत्युदरलाई घटाउनुका साथै स्वस्थ रहनका लागि पोषणयुक्त खानाको व्यवस्था गर्न विषेश गरी पालिकाले अगाडी सारेको मातृशिशु पोषण कार्यक्रमले विपन्न परिवारका सुत्केरी आमाहरु शिशु तथा बालवालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार भई सवै खालका पोषणयुक्त जोखिमबाट मुक्त हुने तथा स्वस्थ्य एवं सुखी तवरले जीवन यापन गर्ने अपेक्षा का साथ हुप्सेकोट गाउँपालिकाले मातृशिशु पोषण स्याहार खर्च बापत रु. ५,०००/-(पाँच हजार रुपैयाँ) यस आर्थिक वर्षमा पनि उपलब्ध गराउने नीति लिएको छ ।

२. कार्यक्रमको उद्धेश्य:

क. सुनौलो हजार दिनका (१००० दिन) आमाहरुको पोषण स्वास्थ्य सम्बन्धी बिद्यमान ज्ञान,धारणा तथा व्यवहारमा सुधार ल्याउने कार्यमा सहयोग हुनेछ ,

ख. सुत्केरी तथा नवजातशिशुको उचित स्याहारका लागि नवजात शिशुको स्याहार,आमा र बालबालिकाको पोषण र सरसफाईमा सुधार ल्याई स्वास्थ्य अवस्थामा सुधार हुनेछ ।

३. लाभान्वित वर्ग:

क. हुप्सेकोट गाउँपालिका अन्तर्गत स्थायी वसोवास गरेका सुत्केरी महिलाहरु ।

४. कार्यक्रम सञ्चालन तथा बजेट व्यवस्थापन:

आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा स्वास्थ्यतर्फ छुट्याइएको बजेटबाट मातृशिशु पोषण स्याहार खर्च कार्यक्रम अन्तर्गत सुत्केरी आमाहरुलाई पोषणका लागि रु. ५,०००/- का दरले बितरण गर्न रु.१०,००,००० /- विनियोजित रकम मध्येबाट हुप्सेकोट गाउँपालिका भित्रका सरकारी स्वास्थ्य केन्द्र तथा अस्पतालमा प्रसूति हुनेलाई वा दफा ५ को उपदफा ६ अनुसार उपलब्ध गराइने छ ।

५. मातृशिशु पोषण भत्ता वितरण गरिने आधारहरु:

१) कार्यक्रम २०७५ साल श्रावण देखि सुत्केरी भएका महिलाहरुको लागि मात्र लागु हुनेछ,

२) सेवाग्राही हुप्सेकोट गाउँपालिकाभित्र स्थायी बसोबास भएको हुनु पर्नेछ ,

३) हुप्सेकोट गाउँपालिका क्षेत्रभित्रका नेपाल सरकारद्वारा प्रसूति सेवाका लागि सुचिकृत स्वास्थ्य केन्द्र, सामुदायिक अस्पताल वा सरकारी अस्पतालमा प्रसूति गराएको हुनु पर्नेछ,

४) सेवाग्राहीलाई परिवार नियोजन प्रति सचेत गराउने उद्वेश्यले पहिलो र दोस्रो जन्मको सुत्केरीले मात्र यो सुविधा पाउनेछन् ,

५) बच्चाको जन्मदर्ता गरेको प्रमाणपत्रको प्रतिलिपी अनिवार्य हुनु पर्नेछ ,

६) वार्ड नं. २ र ४ को पहाडी क्षेत्र र ५ र ६ को हकमा सुत्केरी संस्थामा हुन नसके पनि प्रोटोकल अनुसार जाँच गराएको हुनु पर्नेछ ,

७) जुम्लेहा बच्चाको हकमा थप एक जनाको स्याहार स्वरुप थप रु.२,५००/-पाउनेछन् ,

८) स्थायी ठेगाना यस गाउँपालिकामा देखाई अन्यत्र बसोबास गर्नेहरुको हकमा यो योजना लागु हुने छैन ,

९) देउराली स्वास्थ्य चौकीको बर्थिङ्ग सेन्टरमा पाएक नपर्ने (शंखदेव, पाङ्रेघाट) हरुले रकम दाबी गर्दा सरकारी अस्पताल वा प्राथमिक स्वास्थ्य केन्द्रमा सुत्केरी भएको हुनु पर्ने र ४ पटक गर्भ जांचको प्रक्रिया पुरा गरेको हुनु पर्नेछ ।

६. कार्यक्रम सञ्चालन तथा भुक्तानी प्रक्रिया:

१. नेपाल सरकार स्वास्थ्य मन्त्रालयद्वारा सञ्चालित आमा सुरक्षा कार्यक्रमको प्रक्रिया अनुसार सुत्केरी महिलालाइ गाउँपालिकाको स्वास्थ्य शाखाबाट रकम भुक्तानी गरिनेछ ,

२. कार्यक्रमसँग सम्वन्धित सम्पूर्ण अभिलेख तथा प्रतिवेदन गाउँपालिकामा रहनेछ ।

७. अभिलेख, अनुगमन तथा प्रतिवेदन:

१. कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनको सम्पुर्ण दायित्व गाउँपालिकाको स्वास्थ्य शाखाको हुनेछ ।





२. कार्यक्रमसँग सम्वन्धित प्रगति विवरण तथा प्रतिवेदन गाउँपालिकामा सुरक्षित राख्नु पर्नेछ र सोको एकप्रति सामाजिक विकास शाखालाई उपलब्ध गराउनुपर्नेछ ।

८. मातृशिशु पोषण भत्ता प्राप्त गर्ने आधारहरु:

१. कार्यक्रम २०७५ साल श्रावण देखि सुत्केरी भएका महिलाहरुकोलागि मात्र लागु हुनेछ,

२. लाभान्वित गाउँपालिका भित्रको स्थायी बासिन्दा हुनु पर्नेछ ।

९. मातृशिशु पोषण भत्ता प्राप्त गर्न पेश गर्नु पर्ने आवश्यक कागजातहरु :

१. आफ्नो वडाको सिफारिस,

२. सुत्केरी महिलाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी वसोवासको प्रमाण-पत्रको प्रतिलिपी,

३. स्वास्थ्य संस्थामा जाँच गराएको प्रमाण र सुत्केरी गराएको प्रमाण-पत्र (बर्थ सर्टिफिकेट),

४. बच्चाको जन्मदर्ताको प्रमाण-पत्र ।

आज्ञाले
हरि पंगेनी
प्रमुख प्रशासकीय अधिकृत